मेडिकल सुपरीटेण्डेण्ट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल विकास समिति

## भरतपुर, चितवन

## भाडा बढाबढ सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।०२।३० )

यस अस्पतालको हाताभित्र रहेको औषधी पसल राख्ने ५(पाँच वटा) सटर कबल, ८०७.४ Sqft क्षेत्रफल भएको सटर कबल ५ (पाच) वर्षको लागि निम्न शर्तहरु पालन गर्ने गरी भाडा बढाबढ गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

**शर्तहरु:**

१) बोलपत्र फाराम रु.३०००। (तिनहजार फिर्ता नहुने) यस अस्पतालको राष्ट्रिय बाणिज्य बैंक भरतपुरमा रहेको च.हि.नं.९६७ मा जम्मा गरी यस अस्पतालका Web site http//www. bharatpurhospital.gov.np मा गई यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र कार्यालय समयमा Download गरी सोही फाराममा मासिक दर भरी आफूले कबोल गरेको कुल रकमको १० प्रतिशत ले हुन आउने रकम को.ले.नि.का. चितवनको रा.बा.बैंक भरतपुरमा रहेको धरौटी खाता नं.१३१०२०३०००००० मा जम्मा गरेको भौचर वा कम्तिमा १२० दिन को विडबन्ड (बैंक ग्यारेन्टी), नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, नेपाल सरकार औषधी व्यवस्था विभागबाट स्वीकृत प्राप्त, आ.ब.०७०।०७१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण प्रमाणपत्रको प्रतिलिपि तथा आय करमा दर्ता भएका औषधी विक्रेताहरुले आफुले प्राप्त गरेको प्रमाण पत्रहरुको प्रतिलिपि सहित पाच वटा सटर कवलको एकमुष्ठ रकम भरी ३१ औ दिनको १२:०० बजे भित्र सम्पूर्ण कागजात Scan गरी यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np मा Submit गर्नुपर्नेछ ।

२) मासिक कबोल अंकको ५ प्रतिशत भाडा प्रत्येक आ.ब.मा Cumulative रुपमा वृद्धि हुनेछ। बोलपत्रदाताले मासिक कबोल अंक पेश गर्दा घरभाडा कर बाहेकको पेश गर्नुपर्नेछ । साथै बोलपत्र स्वीकृत भएमा नियमानुसार लाग्ने घरभाडा कर बोलपत्रदाताले नै छुट्टै तिर्नुपर्नेछ।

३) कुनै कारणवश बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम गरिने छ।

४) प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित मितिले ३१ (एकतिस) औं दिन, दिनको २:०० बजे यस अस्पतालमा विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।

५) बोलपत्रदाताले बोलपत्र पेश गर्दा आफूसँग भएको जनशक्तिको योग्यता र संख्या समेतको विवरण पेश गर्नुपर्नेछ।

६) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस अस्पतालमा रहने छ।

७) स्वीकृत बोलपत्र दाताले ७ (सात) दिनभित्र संझौता गर्न नआएमा निजको धरौटी रकम जफत गरि क्रमैसँग नियमानुसार संझौताको लागि कारवाही गरिनेछ।

८) भाडा बढाबढको सूचना सम्बन्धी अन्य जानकारीको आवश्यक परेमा यस अस्पतालमा सम्पर्क राख्न सकिने छ।

९) उक्त सटरमा रहेका औषधीजन्य सामान तथा फर्निचरहरु पूर्व संझौता अनुसार हालवालाले लेनदेन गर्नुपर्नेछ।

९) यसमा नपरेको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र सरकारी फार्मेसी निर्देशिका २०७० तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१०) बोलपत्र सम्बन्धी अन्य शर्त र तोकिएको न्यूनतम भाडादर बोलपत्र फाराम साथ उपलब्ध हुनेछ।

मेडिकल सुपरीटेण्डेण्ट